# एकीकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी)
**Unified Communist Party of Nepal (Maoist)**
**केन्द्रीय समिति**
Central Committee

## प्रेस वक्तव्य

हाम्रो पार्टीले राष्ट्रपतिको असंवैधानिक कदमको खारेजी र नागरिक सर्वोच्चताको स्थापनालाई तात्कालिक मुख्य विषय बनाएर राष्ट्रिय स्वाधीनता, शान्ति, नयाँ संविधान र राष्ट्रिय संयुक्त सरकारका लागि समेत व्यापक जनदबाब सृष्टि गर्ने उद्देश्यका साथ तीन चरणको संघर्षको कार्यक्रम सफलतापूर्वक सम्पन्न गरिसकेपछि आज २०६६ पुस १० गतेदेखि चौथो चरणको संघर्षको कार्यक्रम संचालन गर्ने घोषणा गरिसकेको कुरा सर्वविदितै छ । साथै नागरिक सर्वोच्चता कायम गर्दै शान्तिप्रक्रिया र नयाँ संविधान निर्माणको ऐतिहासिक कार्यभारलाई सफल पार्न पनि वैदेशिक हस्तक्षेप, मुख्यतः भारतीय विस्तारवादी हस्तक्षेप प्रमुख बाधकका रुपमा देखापरेकाले अबको आन्दोलनको मुख्य प्राथमिकता वैदेशिक हस्तक्षेपको विरोध र राष्ट्रिय स्वाधीनताको रक्षाको विषय रहने कुरा पनि हामीले स्पष्ट पारिसकेका छौं । तसर्थ, राष्ट्रिय स्वाधीनतालाई केन्द्रबिन्दुमा राखेर आजैदेखि सुरु हुने आन्दोलनको मूल नारा 'सम्पूर्ण देशभक्त र गणतन्त्रवादी शक्तिहरू एकजुट होऔं, राष्ट्रिय स्वाधीनताको रक्षा गरौं' रहनेछ र यसका साथसाथै पहिले निर्धारित र अन्य नाराहरू पनि निश्चित गरिने छन् । आजैबाट देशभर प्रचारात्मक कार्यक्रमहरू सुरु गरिनेछन् र एक महिने अभियानअन्तर्गत वैदेशिक हस्तक्षेपको विरोध र राष्ट्रिय स्वाधीनताको आन्दोलनको महत्वलाई स्पष्ट पार्ने, बुकलेट, पर्चा, पोस्टरसहितका सामग्रीको प्रचारप्रसार, अन्तर्क्रिया कार्यक्रमहरू, देशभर व्यापक जनसमुदायको सहभागितामा सांस्कृतिक टोलीसहित अभियानात्मक कार्यक्रमहरू, सीमा अतिक्रमण भएका मुख्य स्थलहरूमा पार्टीका वरिष्ठ नेताहरूको भ्रमणसहितको विशेष कार्यक्रम, निकटका स्वायत्त गणराज्यहरूको राष्ट्रिय स्वाधीनताको पक्षमा विशाल एकता जनसभाहरू, सन् १९५० सहित सम्पूर्ण असमान सन्धिसम्झौताहरूको विरोधलगायत राष्ट्रघाती, दलाल, अपराधी एवम् भ्रष्ट तत्वहरूको भण्डाफोर कार्यक्रम संचालन गरिनेछन् । यसलाई मितिसहित ठोस बनाउने कार्य १/२ दिनभित्रै गरिनेछ । माघ १० गतेसम्म पनि सरकार र सरकारमा रहेका पार्टीहरू देश तथा जनताको पक्षमा राष्ट्रिय सहमति निर्माण गर्नुको बदला विदेशी शक्तिहरूको निर्देशन र योजनामा नागरिक सर्वोच्चता, शान्ति र नयाँ संविधान निर्माणविरुद्धको षडयन्त्र र गतिविधिमा संलग्न भइरहे भने त्यसपछि हाम्रो पार्टी अनिश्चितकालीन आम हडताल गर्न बाध्य हुने कुरा पनि पुनः चेतावनीका साथ स्पष्ट पार्न चाहन्छ ।

मिति : २०६६ पुष १० गते

पुष्पकमल दाहाल 'प्रचण्ड'
अध्यक्ष